नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौ

प.सं. २०७८/०७९ च.नं. ८२

टेकु, काठमाडौं, नेपाल।

मिति : २०७८/०४/१०

श्री नेपाल विरेन्द्र शैनिक अस्पताल छाउनी, काठमाण्डौ।
श्री नेपाल प्रहरी अस्पताल महाराजगञ्ज , काठमाण्डौ।

विषय : विदेश जाने नेपालीको लागि खोप सेवा संचालन सम्बन्धमा।

प्रस्तुत विषयमा विदेश जाने नेपालीको लागि खोप उपलब्ध गराउने नेपाल सरकारको नीति अनुसार त्यस्ता व्यक्तिहरुलाई निरन्तर खोप उपलब्ध गराउने र उक्त खोप सेवा तहा अस्पताल बाट उपलब्ध गराउने भनि मिति २०७८/०४/१० गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सचिवस्तर) को निर्णय भएकोले तहां बाट तपशिल बमोजिम खोप संचालन गर्ने व्यवस्थाको लागि अनुरोध छ।

१. तहां अस्पतालमा दैनिक कार्यालय समय भित्र (सार्वजनिक विदाको दिन बाहेक) खोप सेवा सचालन व्यवस्था गरी तोकिएको खोप दिने व्यवस्थापन गर्नु हुन।
२. खोप आपूर्ति तथा कोल्डचेन व्यवस्थापनको लागि स्वास्थ्य कार्यालय काठमाण्डौ संग समन्वय गरी व्यवस्थापन गर्नु हुन।
३. विदेश जाने नेपालीलाई खोप प्रदान गर्दा पासपोर्ट, भिसा वा भिसा नभएमा सम्बन्धित देशको आधिकारिक निकायको आमन्त्रण पत्र ( Invitation / Confirmation Letter) को फोटोकपी अनिवार्य अभिलेखको रुपमा राखेर मात्र खोप दिनु हुन।
४. खोप दिएको अभिलेख तथा प्रतिवेदन तोकिएको रजिष्टर र फर्म फरमेटमा राखि सोहि अनुसार प्रतिवेदन गर्नु हुन।
५. खोप सेवा दिए पछि खोपकार्डमा छाप लगाएर सेवाग्राहीलाई अनिवार्यरुपमा खोप कार्ड उपलब्ध गराउनु हुन।

.......
डा.दिपेन्द्ररमण सिंह
महानिर्देशक

वोधार्थ
श्री स्वास्थ्य कार्यालय काठमाण्डौ : खोप कोल्डचेनको व्यवस्थापन, अभिलेख प्रतिवेदनको लागि प्राविधिक सहयोग र समन्वय गरी खोप सेवा संचालन व्यवस्थापनको लागि।

Scanned by CamScanner